# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, असोज ९ गते, २०८२ साल (अतिरिक्ताङ्क ३०

## भाग ३

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना

**संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर २०**

**<u>नेपाल सरकार (कार्य विभाजन) (तेस्रो संशोधन) नियमावली, २०८२</u>**

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपालको संविधानको धारा ८२ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, मन्त्रिपरिषद्‌ले नेपाल सरकारको कार्य विभाजनका लागि देहायका नियमहरू बनाएको छ।

**१.** **<u>सङ्क्षिप्त नाम र प्रारम्भ</u> :** (१) यी नियमहरूको नाम "नेपाल सरकार (कार्य विभाजन) (तेस्रो संशोधन) नियमावली, २०८२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२.** **<u>नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची-२ मा संशोधन</u> :** नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची-२ को,-

(१) क्रमसङ्ख्या १ को,-

(क) बुँदा नं. २७, ३३, ३४ र ३५ झिकिएका छन्।

(ख) बुँदा नं ४० मा रहेका "राजस्व अनुसन्धान, सम्पत्ति शुद्धीकरण," भन्ने शब्दहरु झिकिएका छन्।

(२) क्रमसङ्ख्या २ को बुँदा नं. ३२ पछि देहायका बुँदा नं. ३२क. र ३२ख. थपिएका छन् :-

"३२क. राजस्व अनुसन्धान;

३२ख. सम्पत्ति शुद्धीकरण अनुसन्धान;"

(३) क्रमसङ्ख्या ८ को बुँदा नं. ४४ पछि देहायको बुँदा नं. ४४क. थपिएको छ :-

"४४क. राष्ट्रिय अनुसन्धान विभाग;"

**आज्ञाले,**

**फणीन्द्र गौतम**

**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।